# समुदायस्तरमा कोभिड-१९ को

# एन्टिजेन परीक्षण प्रकृया सम्बन्धी प्रोटोकोल

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

पौष, २०७७

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# समुदायस्तरमा कोभिड-१९ को

# एन्टिजेन परीक्षण प्रकृया सम्बन्धी प्रोटोकोल

## पृष्ठभूमि :

कोभिड -१९ को सक्रिय संक्रमितहरुको व्यापक खोज पड्ताल गर्न हाल नेपाल सरकारले समुदायमा एन्टिजेन परीक्षण बिधि अपनाउने नीति लिएकोछ । सो कार्यलाई स्थानीय तहको सहभागिता तथा जिल्ला स्थित स्वास्थ्य कार्यालयहरु को समन्वय, प्रदेश स्वास्थ्य निर्देशनालयहरुको सहजीकरण र प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको प्राबिधिक अगुवाईमा सम्पन्न गर्नु पर्ने हुन्छ। स्थानीय तहले सो कार्य गर्दा सहजता होस भन्ने उद्देश्यले यो प्रोटोकल तयार गरिएको हो।

## उद्देश्य :

समुदायमा रहेका सक्रिय संक्रमितहरुको व्यापक खोज गर्दै आवश्यक प्रकृया अबलम्बन गरी कोभिड-१९ संक्रमणको चक्र तोड्ने।

## कोभिड-१९ एन्टिजेन परीक्षणको प्रकृयाः

- कोभिड-१९ एन्टिजेन परीक्षण सम्बन्धी अभिमुखीकरण/ तालिम प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको (PPHL) को प्राबिधिक सहयोगमा संचालन गर्ने,
- आफ्नो पालिका अन्तर्गत सम्भावित हट स्पटहरु निर्दिष्ट मापदण्डहरुको आधारमा पहिचान गर्ने,
- पहिचान गरिएका हट स्पटहरुमा सरोकारवालाहरुसंग समन्वय गरि परीक्षणका लागि योग्य व्यक्तिहरु (तल उल्लेख भए अनुसारका) को खोजपड्ताल गरि परीक्षण स्थलसम्म ल्याउने व्यवस्था मिलाउने,
- परीक्षण गर्ने बुथ वा उपयुक्त स्थानको व्यवस्थापन गर्न स्थानिय सरोकारवालाहरुले सहजीकरण गर्ने,



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

- आवस्यक पर्ने एन्टिजेन परीक्षण किट प्रादेशिक स्वास्थ्य आपूर्ति केन्द्रबाट सम्बन्धित पालिकाले प्राप्त गर्ने,
- आवस्यक व्यक्तिगत सुरक्षा सामग्रीहरू (PPE) लगायत अन्य सामाग्रीहरुको व्यवस्थापन गर्ने,
- परीक्षण स्थलमा दर्ता, परीक्षण गर्नु पूर्व र नतिजा नआएसम्म प्रतिक्षा गर्ने स्थल अनिवार्य हुनु पर्ने,
- परीक्षणमा पोजिटिभ आएका केसहरुलाई परामर्स गर्ने स्थल तथा स्वास्थ्यकर्मीहरुको अनिवार्य व्यवस्थापन हुनु पर्ने,
- पत्ता लागेका कोभिड-१९ केसहरुलाई संस्थागत आइसोलेसनमा राख्नु पर्ने भएमा सोको व्यवस्था परीक्षण सुरु गर्नु पुर्बनै मिलाउनु पर्ने,
- अस्पताल लैजानु पर्ने बिरामीहरुका लागि परीक्षण स्थलमा एम्बुलेन्सको व्यवस्था गर्नु पर्ने,
- परीक्षण अवधि भर स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा स्वयंसेवकहरुको खाजाको व्यवस्थापन स्थानीय निकायबाटै गर्ने,
- परीक्षण गरिने सबै व्यक्तिहरुको विवरण तोकिएको सूचना प्रणालीमा (IMU) प्रविष्ट गर्नु पर्ने,
- परीक्षण स्थललाई ब्यबस्थित गर्न आवस्यक पर्ने सुरक्षाकर्मी तथा स्वयंसेवकहरुको व्यवस्थापन सम्बन्धित स्थानीय निकायबाट गर्ने,
- परीक्षण पश्चात उत्पन्न भएका जैविक तथा अन्य फोहोरमैलाको उचित व्यवस्थापन गर्नु पर्ने

## परीक्षणका लागि उपयुक्त व्यक्तिहरु पहिचान गर्ने आधार:

- सकृय संक्रमितहरुको सबै नजिकका सम्पर्कहरु,
- हट स्पटमा रहेका कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण तथा चिन्ह भएका व्यक्तिहरु,
- पहिचान भएका हट स्पटमा रहेका उच्च जोखिम बर्गका व्यक्तिहरु (जस्तैः तरकारी, फलफुल, किराना पसलका ब्यापारीहरु, सुरक्षाकर्मीहरु, स्वास्थ्यकर्मीहरु, सवारीचालक तथा सह-चालक, बैंकिंग तथा वित्तीय संस्थाका कर्मचारीहरु, डिपार्टमेन्टल स्टोरका कर्मचारीहरु, फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरु, कारागार तथा अन्य सामुहिक रुपमा बसोबास गर्ने स्थानहरुमा सकृय संक्रमित



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

फेला परेमा त्यस स्थानमा रहेका अन्य व्यक्तिहरु लगायत अन्य सम्भावित जोखिम वर्गमा पर्ने व्यक्तिहरु।

- स्वास्थ्य प्रयोजनका लागि तुरून्त रिपोर्ट चाहिने अवस्था (जस्तैः अस्पताल वा स्वास्थ्य संस्थाहरूमा)

**नोटः**

- एन्टिजेन परीक्षणबाट पोजिटिभ देखिएका व्यक्तिहरूको हकमा पुनः आर.टी.पी.सी.आर. परीक्षण गर्नु पर्दैन। पोजिटिभ देखिएका व्यक्तिहरूको व्यवस्थापन आर.टी.पी.सी.आर. परीक्षण सरहै आवश्यकता अनुसार उपयुक्त उपचार व्यवस्थापन गर्नु पर्दछ।
- कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण तथा चिन्हहरू देखिएका व्यक्तिहरूमा एन्टिजेन परीक्षण नेगेटिभ आएमा थप परीक्षणका लागि आर.टी.पी.सी.आर. का लागि स्वाब संकलन गरी परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## एन्टिजेन परीक्षण गर्नु नपर्ने वर्गहरु :

- पहिलेनै आर.टी. पी.सी.आर. वा अन्य विधिबाट कोभिड-१९ प्रमाणित भएका व्यक्तिहरु,
- आर.टी. पी.सी.आर. नमुना दिएर नतिजा पर्खी रहेका व्यक्तिहरु,
- सीमा नाका वा अन्य प्रवेश बिन्दुहरुमा आवतजावत गर्ने लक्षण तथा चिन्ह नभएका यात्रुहरु।

■

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं